# ब्रिटिश कोलम्बिया मा बसोबास गर्ने युबाहरुका बा-आमा सग गरिएको सामुहिक छलफल को संक्षिप्त प्रतिबेदन

क्यानाडा को  तथ्याङ्क बिभागको जनगणना सम्बन्धी प्रतिबेदन अनुसार ब्रिटिश कोलम्बिया मा बसोबास गर्ने नेपाली प्रबासीहरुको संख्या बिगत २० बर्षमा निकै बढेर १०० बाट २५०० पुगेको छ।  यस्तो वृद्धि हुँदाहुँदै पनि यो समुदाय एउटा "अदृश्य अल्प समुह" को रुपमा रही आएको देखिन्छ ।  यो समुदायको आप्रबासी ढाचा, संस्कृतिक पहिचान, वा सामाजिक गतिविधिहरुलाई सम्बोधन गर्ने कुनै प्रकाशित सामाग्रीहरु भेट्टाउन पनि गारो छ।  यसले गर्दा नेपाली समुदायको आफ्नो भाषा, संस्कृति र ब्रिटिश कोलम्बिया मा आफ्नो बसोबासको इतिहास सम्म पनि धेरै कम लाइ थाहा छ।  त्यसैले UBC का अनुसन्धानकर्ताहरुसंग मिलेर यसको अनुसन्धान सहकार्य वृद्धि कोष  (Fostering  Research Partnership  Fund,  UBC)  को सहयोग मार्फत विभिन्न समुदायमुखी गोस्ठिहरु गर्दै यो परियोजनाले यस्तो कमीलाई दुइ प्रकारले हटाउने उद्देश्य राखेको  छ :

(क) नेपाली आप्रबाशि परिबारहरु कसरि क्यानाडा को संस्कृतिसँग मिलेर वा समायोजन गरेर बसेका छन् भन्ने कुरा खोजि गरेर ; र

(ख) यो समायोजनको प्रकियाले कसरि आप्रबासी बाआमा हरुको यहि क्यानाडा मा जन्मेका वा हुर्केका आफ्ना केटाकेटिहरु संगको कुराकानीलाइ असर पार्ने रहेछ भन्ने कुरा खोजि गरेर  ।

यो लक्ष्य प्राप्तिका लागि पहिला BC को नेपाल सांस्कृतिक संगठन (NCSBC) को बोर्डका कार्यकारिहरुसंग सरसल्लाह गरि नोवेम्बर १७, २०१९ मा सरि सार्बजनिक पुस्तकालय (Surrey Public Library ) भित्र एउटा गोष्ठी आयोजना गरियो जसमा करिब ४० जना जतिको सहभागिता भएको थियो। यो गोष्ठीमा सहभागीहरु (१३ देखि २४ बर्ष भित्रका युवाहरुको बाआमा हरु) लाई दुइ वटा समुहमा विभाजन गरिएको थियो : आमाहरुको समूह र बा हरुको समूह।  यी दुवै समुहले आआफ्नो पहिचान, क्यानाडाको  संस्कृति, यो संस्क्रितिसंगको अभ्यस्तता, र आफुहरु बीच एबम उनीहरुको क्यानाडा मा जन्मेका वा हुर्केका केटाकेटिहरुसगको कुराकानी को बारेमा छलफल गरेका थिए।  नेपाली भाषामा भएको यो छलफलको ध्वनी मात्र सहभागिहरुको सहमती लिएर पहिला रेकर्ड गरिएको थियो र पछि त्यो  छलफल  अङ्रेजिमा भाषानुबाद गरिएको थियो।

## प्रमुख अबलोकनहरु

नेपाली समुदायले सामना गर्ने गरेका कुराहरु अरु आप्रबाशी समुदाय (बिशेष गरि दक्षिण एशिया का समुदाय हरु ) ले सामना गरेका कुराहरु जस्तै हुन् भन्ने कुरामा अधिकांश सहभागीहरुको मन्जुरी देखियो। तैपनि नेपाली बाआमा हरुले आफ्ना केटाकेटिहरुसग कुराकानी गर्ने तरिका र क्यानाडा को मूल संस्कृति संग समाहित हुदै आफ्नो नेपाली पहिचानलाई प्रबर्धन गर्ने तरिकामा केहि बिशेष भिन्नता देखिन्छ।

**क्यानाडा को बसोबास र क्यानाडा को संस्कृति संग मेलमिलाप :**
क्यानाडा मा उत्रे पछि र क्यानाडा को संस्कृति लाई अपनाउने कुरामा बा र आमा हरुको छुट्टाछुट्टै अनुभव भएको भेटियो।

- आफ्ना किशोर बच्चाबच्चीहरुसग क्यानाडा आएका आमाहरुले शुरुमा आफ्नो ब्यबसायिक र व्यक्तिगत जीवनमा सन्तुलन राख्न कठिनाई महशुस गरे। उनीहरुलाई या त हालको आर्थिक आबश्यकता पुरा गर्ने कुनै पनि काम स्वीकार्ने वा घरमा बच्चाबच्चिहरुसग बसिरहने भन्ने कुरा निक्यौंल गर्न कठिन भयो।

- बच्चाबच्चिहरु हेर्देख गर्ने ठाउँ हरु सारै महगो हुने हुदा साना बच्चाहरु भएका धैरै जसो आमाहरु घर मै बस्न चाहे। त्यसका अतिरिक्त, आफ्नो शैक्षिक योग्यता संग मिल्ने काम पाउन कठिन हुने हुदा धेरैजसो आमाहरुले या त जिबन धान्ने खालको काम मात्रै लिएर चित्त बुझाए वा बच्चा रेखदेख गर्दै घरमा बस्न रुचाए। यो उनीहरुको लागि नेपाल को भन्दा भिन्दै खालको अनुभव थियो किनभने नेपाल मा धैरैजसो उनीहरु आफ्ना बच्चाबच्चिहरुको हेरचाहको लागि या त परिवारका सदस्यहरुमा भर पर्न सक्थे वा घरमा काम गर्नेहरु माथि।

- भेदभावको सम्भावना भए पनि बाहरु भन्दा आमाहरु सार्बजनिक ठाउमा आफ्नो सांस्कृतिक पहिचान प्रदर्शन गर्न (उदाहरण को लागि आफ्नो परम्परागत लुगाफाटो लगाउन वा आफ्नो भाषा बोल्न ) बढी रुचाउछन। बढी जसो आफ्नो काम गर्ने ठाउमा पक्षपात नहोस भनेर अरु धैरै एसियन समुदायमा आफ्नो नाम फेर्ने चलन भए पनि नेपाली आमाहरु आफ्नो नाम परिवर्तन गर्न नरुचाउने कुराले पनि यो कुराको पुष्टि हुन्छ।

- धैरै जसो महिलाहरुले आफ्नो जातीय अल्पसंख्याको कारण पक्षपात भएको अनुभव गरेनन, तर पुरुषहरुको अनुभव भने यस मामिलामा फरक छ। धैरै पुरुषहरुले आफ्नो ब्यबसायिक पेशामा कुनै प्रकारको नजानिदो तहको पक्षपात महसुस भएको अभिव्यक्ति दिए ।

- महिलाहरुले आफु नेपाली भएकोमा बृहद समुदाय आफु प्रति बढी लचकदार र सहिष्णु भएको पाए । पुरुषहरुले भने आफुलाई धेरैजसो भारती भनेर गलत सम्झेकोमा दिक्क भएको महसुस गरे। तर महिलाहरुले भने यस्तो किसिमको कुरा त्यति हद सम्म समस्यामूलक नभएको बताए ।

**बा-आमा र युबाहरुको बिचको संस्कृतिक भिन्नता**

- धेरै जसो आमाहरुको बिचारमा उनीहरुको केटाकेटिहरु अरु जाति र संस्कृतिहरु प्रति बढी समाबेशी छन् र लैंगिक झुकाव प्रति आफुहरुभंदा बढी सहिष्णु छन्। केहि आमाहरु त आफ्ना केटाकेटिहरुले आफ्नो नेपाली समुदाय देखि बाहिर वा विभिन्न लैंगिक झुकाब भएका हरु बाट आफ्नो जीवन साथि छाने भने पनि खुला दृष्टिकोण राख्नु पर्ने ठान्छन।
- आफ्ना केटाकेटिहरु स्कूल जान थाले पछि नेपाली भाषा पनि बोल्न बिर्सनछन जसले गर्दा उनीहरु आफ्ना हजुर्बा-हजुर आमासंग पनि कुराकानी गर्न पाउदैनन भन्ने कुरामा धेरै जसो सहभागी हरुमा व्यापक चिन्ता भएको पाइयो।
- आमा बाहरु दुवै आफ्ना केटाकेटिहरु प्रति आफ्नो नेपाली पहिचान कायम राख्नु पर्ने कुरामा (र उनीहरुलाइ क्यानाडा को मूल संस्कृति अपनाउने सन्दर्भमा ) बढी लचकदार हुनु पर्छ भन्ने कुरामा सहमत देखिए। तर नेपाली संस्कृति लाई बढावा दिने र आफ्ना केटाकेटिहरु लाई आफ्नो जातीय पृष्टभूमि सग जोडी राख्ने कुरामा भने बा हरुले आमाहरु भन्दा बढी जोड दिएको देखियो।
- यद्यपि धेरै बाआमा हरुले नेपाली भाषालाई बढावा दिनु पर्ने कुरालाई उत्तिकै जोड दिए, केहि आमा बा हरुले भने नेपाली सिकाएर आफ्ना केटाकेटिहरु स्कूलमा पछि पर्ने त होइनन भन्ने डर पनि देखाए।
- केहि परिवारहरुमा बा र आमा हरुको परस्पर बाझिएको विचार तथा स्कूल को प्रभावले गर्दा केहि युबाहरु दुइवटा छुट्टै संस्कार बीच चेपिएको जस्तो भेटियो।
- नेपालमा जन्मिएको र क्यानाडा वा अमेरिका मा जन्मिएको बच्चाहरुको बिचमा स्पष्ट भिन्नता भएको पाइयो। नेपाल बाट सानैमा सिधै क्यानाडा आएकाहरु नेपाली भाषा बोलि रहन्छन भने क्यानाडा मा जन्मेका वा अमेरिकाबाट आएका हरु नेपाली सिक्न त्यति धेरै आबश्यकता भएको महसुस गर्दैनन् भन्ने देखियो ।

**क्यानाडा मा सम्बाद र आमा बा को दायित्व:**

धेरै जसो बा-आमा हरु आफ्ना बच्चाहरुको कुरा सुन्न पर्छ र उनीहरुको छनोट लाई स्वीकार गर्न सिक्नु पर्छ भन्ने कुरामा सहमत देखिए। बा-आमा हरुले आफ्ना निर्णयहरु केटाकेटिमाथि थोपर्न सकिन्न भन्ने कुरा महसुस गरेका छन। "उनीहरु हैन, बरु हामी नै परिवर्तन हुनु पर्छ" भन्ने कुरा बिस्तारै आमा बा हरुमा जागृत भएको देखिन्छ।

- केहि आमा बा हरुले आफ्ना बच्चाहरुलाई १८ बर्ष सम्म केटाकेटी कै रुपमा लिनु पर्ने बताए भने केहि अरुले २४ बर्ष सम्म।
- सामान्यतया युबाहरु आफ्नो बा संग भन्दा आमासँग बढी खुला रुपमा कुराकानी गर्छन। आमाहरु आफ्ना केटकेटिहरुले केटा साथी वा केटि साथि बनाउने कुरामा बढी खुला देखिन्छन, तर केटाकेटिहरु लाई  स्कूलमा हुदा गहिरो सम्बन्ध बनाउने कुरामा उत्साहित बनाउन चाहदैनन्।
- स्कूलमा दिने गरिएको यौन शिक्षा धेरै हद सम्म पर्याप्त छ भन्ने कुरामा दुवै बा-आमा हरु सहमत छन्।  तर उनिहरु केटाकेटिहरुसग  केहि यौन सम्बन्धि कुरा हरु गर्न सकिन्छ भन्ने बिचार राख्छन।
- यदि केटाकेटिहरुसग कुराकानी गर्दा केहि कुराहरुमा बिचार फरक भयो भने रणनितिपूर्ण हुनु पर्ने कुरामा बा हरु भन्दा आमा हरुले बढी जोड दिन्छन ।  आमाहरु केटाकेटिहरु लाई  कति सम्म दबाब दिन सकिन्छ र के गर्दा उनीहरु बिद्रोह गर्दैनन् भन्ने कुरामा सन्तुलन गर्न सक्ने देखिन्छन।
- दुवै बा-आमा हरु केटाकेटिहरु सग मत भिन्नता भएमा कुराकानी द्वारा (नेपाली चलन वा परम्परामा आफ्नो कुरा बच्चाहरुमा थोपर्ने चलन भए पनि ) समाधान खोज्नु पर्छ भन्ने ठान्छन।   तैपनि केटाकेटिहरु, बिशेष गरि हाइ स्कूल पुगे पछि , आफ्नो भन्दा आफ्ना साथीहरुको कुरा बढी सुन्लान भन्ने उनीहरुलाई चिन्ता भएको देखियो।
- आमाहरुले परिवार को आफ्नै समय हुनुपर्छ (जस्तै खाना संगै खाने, नेपाली बोल्ने, परम्परागत सांस्कृतिक कार्यक्रमहरु लाई पालना गर्ने, र दैनिक अनुभव हरु एक अर्कालाई बताउने ) भन्ने कुरामा बढी चासो देखाएको  पाइयो  ।
- बा-आमा हरुले आफ्ना केटाकेटिहरु लाई कुन जागिर खाने र कस्तो जीवन साथि रोज्ने भन्ने जस्ता कुरामा बाटो देखाउने प्रयास गरेको देखिन्छ , तर आखिरमा उनीहरु केटाकेटिहरु लाई आफै निर्णय गर्न दिनु नै बेस हुन्छ भन्ने ठान्छन।

**भलाइ** :

सबै को भलाइ वा कल्याण हुनको लागि समुदायका सबै व्यक्तिहरु बिच गहिरो सम्बन्ध हुनु पर्छ भन्ने कुरामा दुवै बा  र  आमा हरुको समूहले जोड दिए।

- केहि सहभागीहरुले समुदाय भित्र आर्थिक भलाई र उद्यमशील क्षमताको वृद्धि  हुनु पर्ने कुरामा जोड दिए।

- धेरै जसो महिलाहरुले नेपाली समुदाय भित्र पर्याप्त आपसी समझदारी र कुराकानी नभएको कुरा ब्यक्त गरे। यस्तो समझदारी र कुराकानी समस्टिगत भलाइ को लागि महत्वपुर्ण हुन्छ भन्ने उनीहरुलाई लागेको भेटियो ।
- धेरै सहभागीहरुले सांस्कृतिक एक्लोपना जस्तो समस्याहरुले सबै समुदायका सदस्यहरुको भलाई लाई असर गर्छ भन्ने बिचार ब्यक्त गरे।

## <u>निस्कर्ष</u>

यो विवरण वा दस्ताबेजले क्यानाडा मा बसोबास गर्दा र आफ्ना बढ्दै गरेका किशोर केटाकेटिहरु (जो आफ्नो मुलुकको भन्दा निकै फरक सांस्कृतिक बातावरण मा हुर्कदै छन्) संग संगै बस्दा नेपाली बा र आमा हरुले आफुले भोगेका अनुभवहरु को बारेमा ब्यक्त गरेका बिचारहरु संक्षेपमा प्रस्तुत गरिएको छ। केटाकेटिहरु कसरि हुर्काउने भन्ने कुरामा उनीहरुको मत फरक भएपनि उनीहरु सबैमा केटाकेटिहरु भन्दा आफैमा परिवर्तन आउनु पर्छ भन्ने कुरामा सहमति रहेको पाइयो। ब्रिटिश कोलम्बिया मा बसोबास गर्दा बा र आमा दुबै समूहमा आर्थिक कठिनाई सब भन्दा ठुलो कुरा रहेको भेटियो। दुवै समुहमा आफ्नो जन्मेको मुलुकको संस्कार र मान्यता कायम गर्दै नया संस्कार अगाल्दा एकै खालको अनुभव बटुलेको पाइयो। परिवारहरु बसोबासको बन्दोबस्त भएपछी बिस्तारै परम्परागत पितृ सत्तात्मक बातावरण बाट एउटा सन्तुलित पारिवारिक बातावरणतिर जादै गरेको देखियो। यस बिषयमा थप अध्ययन द्वारा नेपाली युवा र उनीहरुका बा-आमा हरुको बिचको अन्तरसम्बन्ध का बारेमा अन्य बिस्तृत जटिलता हरु र कसरि नेपाली समुदाय ब्रिटिश कोलम्बिया मा एउटा सजिलै देखिने समूह का रुपमा बढ्दै जानेछ भन्ने कुरा पत्ता लगाउने लक्ष राखिएको छ।

## <u>स्वीकारोक्ति</u>

यो बिवरण डा. रिना प्रधानको नेतृत्वमा खडा भएको एक अनुसन्धान समूहले तयार पारेको हो। यस समुहमा डा. रामजी पराजुली, डा. सारा स्नाइडरमन, र डा. रत्न श्रेष्ठ सम्मिलित हुनुहुन्छ। यो समुहले UBC को अनुसन्धान सहभागिता अभिवृद्धि कोष (Fostering Research Partnership Fund, UBC), BC को नेपाल संस्कृति समाज (Nepal Cultural Society of BC), र गोस्ठिमा उपस्थित सबै सहभागीहरु र स्वयम् सेवकहरु को योगदानको लागि हार्दिक धन्यबाद ब्यक्त गर्दछ।